# EWER छैटौँ - त्रैमासिक प्रतिवेदन

## १ जुनदेखि ३१ अगस्ट, २०१६ (२०७३ जेठ १९ देखि भदौ १५) सम्मका सूचनाको आधारमा तयार पारिएको

**पृष्ठभूमि**

देशमा नागरिकको अधिकारको अवस्था कस्तो छ, द्वन्द्वका सम्भावना के कस्ता छन् र तिनलाई कसरी न्यूनीकरण गर्न सकिन्छ भन्ने जानकारी हासिल गर्नलाई यो प्रतिवेदनले मद्दत गर्छ । नेपालका चार विकास क्षेत्र (पूर्वाञ्चल, पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल, सुदूरपश्चिमाञ्चल) एक-एक र मधेसमा थप एक गरी ५ जना प्रतिनिधिहरूले हामीलाई उपलब्ध गराएको सूचना र जानकारीको आधारमा यो प्रतिवेदन तयार पारिएको हो । २०७३ जेठ १९ देखि भदौ १५ सम्मका जानकारी यस प्रतिवेदनमा समेटिएका छन् । सुशासन, सामाजिक एकता/तनाव, राजनीतिक तनाव/परिचालन, स्रोत-साधनमाथिको द्वन्द्व, सङ्क्रमणकालीन न्याय/न्यायमा पहुँच, भूकम्पपछिको राहत/सहयोग वितरणसम्बन्धी चुनौती/द्वन्द्व र प्रवृत्ति शीर्षकमा सूचना संकलन गरिएको थियो । यहाँ यी विभिन्न शीर्षकमा प्राप्त जानकारीबारे विश्लेषण तथा चर्चा गरिएको छ ।

**सारांश :**

- **सरकारी कार्यालयबाट सेवा पाउनका निम्ति आम नागरिकले धेरै दुःख झेल्नु परेको पाइयो । दरबन्दीअनुसार कर्मचारी नहुँदा पनि सरकारले दिने सेवामा असर परेको देखियो । यद्यपि केही ठाउँमा भने सुधारका प्रयासपछि सरकारी सेवा प्रभावकारी बनेको पाइयो ।**
- **सरकारी कार्यालयहरूमा भ्रष्टाचारका कारण सेवाग्राहीले नियमअनुरूप सेवा नपाइरहेको र सानो कामको लागि पनि घुस दिनुपर्ने बाध्यताले गर्दा उनीहरू मारमा परेको पाइयो ।**
- **यस्तै विकासको बजेट खर्च नभएर फ्रिज हुने, कार्यसम्पादन मूल्यांकनमा स्थानीय निकाय अनुत्तीर्ण भएर बजेट घट्ने, पेश्की रकम बेलैमा फछ्र्योट नभएकाले बेरुजु हुने आदि समस्याले स्थानीय निकायको विकास निर्माण प्रभावित भएको पाइएको छ । यद्यपि प्रशासनले कमजोरी सच्याउँदै जानेबारे छलफल गरेको र प्रतिवद्धता जनाएको पनि पाइएको छ ।**
- **राजनीतिक अस्थिरता र कानुनी कार्यान्वयनको कमजोरीका कारण हत्या, बलात्कार, कुटपिट लगायतका महिला हिंसाका घटना पहिला जस्तै यस अवधिमा पनि बढ्दै गएको पाइएको छ ।**
- **जातीय सद्भावमा विचलन नदेखिए पनि परम्परागत छुवाछुत र जातीय विभेदको घटना अघिल्ला त्रैमासिकमा झैँ यस पालि पनि देखिएका छन् ।**

- **शैक्षिक संस्था बन्द तथा नेपाल बन्द जस्ता कार्यक्रमले विगतमा झैँ यस अवधिमा पनि आम नागरिकको अधिकार हनन भएको र उनीहरूको जीवन कष्टकर भएको पाइयो भने यसले राजनीतिक वृत्तमा तनाव सिर्जना गरेको पाइएको छ।**
- **राजनीतिक दलको गतिविधि यस अवधिमा कम भएको पाइएको छ भने केही राजनीतिक दलले कानुनलाई हातमा लिएर हस्तक्षेप गर्ने प्रवृत्ति देखाएको र यसले कानुनी राज्यको अवधारणालाई फितलो बनाएको पाइएको छ।**
- **स्थानीय निकायको पुनर्संरचनाबारे राजनीतिक दलको बेग्लाबेग्लै अडान भएकाले स्थानीय स्तरमा विवाद चर्कंदै गएको देखिन्छ।**
- **वन अतिक्रमण गर्ने कार्य बढ्दै गएको र हटाउन खोज्दा तनावको स्थिति सिर्जना भएको देखिन्छ। सामुदायिक वनलाई संरक्षित गरेर सबैको पहुँच पुग्ने गरी व्यवस्थित गर्नुपर्ने देखिएको छ।**
- **समयमै वर्षा हुन नसक्दा खडेरी परेको तथा भएका पानीको मूल तथा सिंचाइका श्रोतमा विवाद सिर्जना भएको देखिएको छ। केही प्राकृतिक श्रोतको संकलन तथा विक्रि वितरणका बेला अनियमितता भएको भन्दै विवाद आएको पनि पाइएको छ।**
- **विभिन्न विवादका कारणले बेलैमा ठूला तथा साना जलविद्युत आयोजना तथा प्रसारण लाइन निर्माणको कामले गति लिन नसकेको र यसका कारणले विद्युत उत्पादन ढिलो हुने देखिएको छ।**
- **द्वन्द्वका बेला भएका विभिन्न घटनाहरूमा न्याय पाउनका लागि स्थानीय शान्ति समितिमा धेरै उजुरीहरू दर्ता भएको पाइयो। यद्यपि निष्पक्ष न्याय पाइएला भन्नेमा मानिसहरूमा शंका रहेको देखियो।**
- **द्वन्द्वका घाउहरू बिर्साउन र राज्य तथा विद्रोही पक्षका द्वन्द्व पिडितहरूबीच सद्‌भाव र सम्बन्ध प्रगाढ बनाउन विभिन्न कार्यक्रम भएको पाइयो भने अर्कोतिर द्वन्द्वकालमा लुकाइएका हातहतियार बेलाबेलामा फेला पर्ने गरेको पनि पाइयो।**
- **अविरल वर्षाका कारण देशैभरिको जनजीवन नराम्रोसँग प्रभावित भएको र अघिल्ला वर्षहरूका पीडितले समेत उल्लेख्य राहत नपाएको देखियो। भूकम्पबाट क्षति भएका व्यक्तिगत घरको पुनर्निमाणका लागि सरकारले राहतको पहिलो किस्ता केही जिल्लामा उपलब्ध गराउन थालेको पाइयो भने भूकम्पले भत्काएका विद्यालयहरू पुनः निर्माण समयमै नहुँदा पढाइमा असर परेको भेटियो।**

## १.सुशासन

**सरकारी कार्यालयबाट सेवा पाउनका निम्ति आम नागरिकले धेरै दुःख झेल्नु परेको पाइयो। दरबन्दीअनुसार कर्मचारी नहुँदा पनि सरकारले दिने सेवामा असर परेको देखियो। यद्यपि केही ठाउँमा भने सुधारका प्रयासपछि सरकारी सेवा प्रभावकारी बनेको पाइयो।**

विगतका प्रतिवेदनमा उल्लेख भएजस्तै यस अवधिमा पनि सरकारी निकायबाट सेवा प्रभावकारी नभएका उदाहरणहरू धेरै भेटिए। गत जेठमा दाङ जिल्लाको घोराहीबाट आफ्नो छोराको नागरिकता बनाउनको लागि पुर्ख्यौली थलो अर्घाखाँची जिल्लाको पश्चिम ढाकावाङ गाविसमा आएका एक व्यक्तिले गाविस सचिव भेट्न सकेनन्। सदरमुकाममा रहेका सचिवलाई भेट्नकै लागि उनलाई ५ दिनसम्म सन्धिखर्कको होटलमा बस्न परेको पाइयो (त्रैमासिक प्रतिवेदन–माहुरी होम, पश्चिमाञ्चल)।

जिल्ला पशु सेवा कार्यालय पाँचथर र उक्त कार्यालय मातहतका पशु सेवा केन्द्रहरूबाट सेवाग्राहीहरूले उचित सेवा नपाइएको गुनासो गरेको पाइएको छ। पशु प्राविधिकहरू कार्यालयमा नबस्ने, बिरामी पशुको उपचारका लागि समयमा उपस्थित हुन नसक्ने, घरैमा गएर पशुको उपचार गर्दा मनपरि अतिरिक्त शुल्क लिने गरेको सेवाग्राहीको गुनासो छ।

जिल्लाको पञ्चमी गाविसका लिङ्देन थरका एक स्थानीयले पशु प्राविधिक बेलैमा नआउँदा आफ्नो २ लाख मूल्य पर्ने गाई मरेको गुनासो गरे (त्रैमासिक प्रतिवेदन– मानव अधिकार संजाल तथा शान्ति कार्य समूह, पूर्वाञ्चल) ।

घरमा शौचालय नभए सरकारी भत्ता नदिने सरकारी नीतिकै कारण बारा जिल्लाका स्थानीय दलित समुदाय (माझी) का तीन वृद्ध महिला लगायत धेरै वृद्धवृद्धा तथा एकल महिला भत्ताबाट वन्चित भएको पाइएको छ । ऐलानी जग्गामा थोरै क्षेत्रफलमा बनाएको फुसको घरमा बस्ने उनीहरूलाई शौचालय बनाउने जमिनको अभाव भएको र कुल २६ घरमध्ये ४ घरमा मात्र शौचालय रहेको स्थानीय एक अगुवाले बताए (त्रैमासिक प्रतिवेदन–नेपाल मधेस फाउन्डेशन) ।

जिल्ला शिक्षा कार्यालय सुर्खेतको एक तथ्याङ्कअनुसार १ सय ५० बालबालिका विद्यालय बाहिर रहेका छन् । जिल्ला शिक्षा कार्यालय सुर्खेतका प्रमुखका अनुसार विभिन्न प्राकृतिक तथा मानवीय कारणले विस्थापित तथा सडक बालबालिकालाई यस अभियानमा ल्याउन सकिएको छैन (त्रैमासिक प्रतिवेदन –मध्य पश्चिमाञ्चल विश्वविद्यालय, मध्य पश्चिमाञ्चल) ।

यस अघिका प्रतिवेदनमा उल्लेख भएझैं सरकारी कार्यालयमा दरबन्दी अनुसारका पदपूर्ति नभएकाले ती कार्यालयको सेवामा ढिलासुस्ती हुने या सेवा नै नपाइने गुनासो गरेको पाइयो । जिल्लाका सरकारी कार्यालय जस्तै मालपोत, अस्पताल, स्वास्थ्य चौकी, पशु सेवा केन्द्र, विद्यालय, गाउँ विकास समिति आदिमा दरबन्दीअनुसार कर्मचारीहरूको पदपूर्ति नभएको पाइयो । उदाहरणको लागि कैलाली जिल्ला प्रशासन कार्यालय जहाँ गत ६ महिनाको अवस्था हेर्ने हो भने अधिकृत स्तरको कर्मचारीको अभाव रहेको देखिन्छ (त्रैमासिक प्रतिवेदन–हेम विक, सुदूरपश्चिमाञ्चल) ।

यद्यपि सेवामा सुधार भएका केही उदाहरण पनि छन् । सरकारी निकायका जिम्मेवार व्यक्तिले चासो लिने बित्तिकै कर्मचारीहरू कार्यालय छाडेर जाने समस्या घटेको पाइएको छ । कपिलवस्तुका प्रमुख जिल्ला अधिकारीले जिल्लाका कार्यालयहरूमा छड्के जाँच गर्न थालेपछि कार्यालयमा कर्मचारी बस्ने गरेको पाइएको छ । पश्चिमाञ्चल क्षेत्रका विभिन्न जिल्लाहरूका सदरमुकामस्थित अधिकांश कार्यालयमा सूचना अधिकारी र गुनासो सुन्ने अधिकारी तोकिएको र तिनको नाम, फोन नं, इमेल ठेगाना सबैले देख्ने गरी कार्यालयमा टाँगिएकोले पत्रकार तथा अन्य आम नागरिकहरूले सूचना पाउन सहज भएको पनि देखिएको छ (त्रैमासिक प्रतिवेदन–माहुरी होम, पश्चिमाञ्चल ) ।

ताप्लेजुङमा जिल्ला अनुगमन समितिले गरेको मेडिकल तथा औषधी पसलहरूको अनुगमनको क्रममा अधिकांश मेडिकल तथा औषधी पसलहरूमा विना योग्यताका व्यक्तिले औषधी विक्री वितरण गर्ने गरेको र म्याद गुज्रेको औषधी समेत बेच्ने गरेको पाइएको छ (त्रैमासिक प्रतिवेदन– मानव अधिकार संजाल तथा शान्ति कार्य समूह, पूर्वाञ्चल) ।

यस्तै प्रहरीको सक्रियता बढेपछि अपराधका घटनाहरू कम गर्न मद्दत भएको देखिएको छ । सार्वजनिक स्थानमा धुमपान गर्ने, होहल्ला गर्ने व्यक्तिलाई नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय सुर्खेतले कारवाही थालेको पाइएको छ । यसै गरी प्रहरीले घरेलु मदिरा नष्ट गर्ने कार्यलाई पनि तिव्रता दिएको देखिएको छ । घरेलु मदिरा सेवनका कारण अधिक मात्रामा घरेलु तथा महिला हिंसा भएका उजुरी परेपछि प्रहरीले यस्तो कार्यलाई निरन्तरता दिएको जिल्ला प्रहरी कार्यालय सुर्खेतले जनाएको छ (त्रैमासिक प्रतिवेदन –मध्य पश्चिमाञ्चल विश्वविद्यालय, मध्य पश्चिमाञ्चल) ।

**सरकारी कार्यालयहरूमा भ्रष्टाचारका कारण सेवाग्राहीले नियमअनुरूप सेवा नपाइरहेको र सानो कामको लागि पनि घुस दिनुपर्ने बाध्यताले गर्दा उनीहरू मारमा परेको पाइयो ।**

कार्यालयहरूमा भ्रष्टाचार हुने समस्या यस अवधिमा पनि रहेको पाइएको छ । कमिसनको लोभमा एक प्राविधिकले सर्लाहीको सिखौनामा बन्दै नबनेको पोखरी बनेको भनी प्रमाणित गरेको पाइयो । पोखरी निर्माणको उपभोक्ता समितिले जिविसमा काम बापत ६ लाख बिल पेश गरेको र स्थानीय विकास अधिकारी सहितको टोली अनुगमनमा जाँदा काम

नभएको भेटेपछि निर्माण कार्यको भुक्तानी रोकिएको थियो । यो अनुगमन गरिएका निकै थोरै योजनामध्येको एक भएको बताइएको छ । असार पहिला सातादेखि मात्र योजना निर्माणको काम सुरु हुने भएकोले भुक्तानी दिनुअघि जिल्लाभरि अनुगमन गर्न सक्ने अवस्था नै नभएको लेखा शाखाका कर्मचारीहरूको दुखेसो रहेको पाइयो । स्थलगत हेर्नुपर्ने र काम भएको/ नभएको प्रमाणित गर्नुपर्ने मुख्य दायित्व प्राविधिकको भए तापनि उनीहरू नै कमिसनको लोभमा परेर सिफारिस दिन थालेपछि भुक्तानीमा समस्या भएको पाइयो (त्रैमासिक प्रतिवेदन–नेपाल मधेस फाउन्डेशन) ।

घुस खाएको आरोपमा सिंचाइ डिभिजन कार्यालय सुर्खेतका एक इन्जिनियरलाई प्रहरीले २०७३ साउन ५ गते पक्राउ गरेको छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगको क्षेत्रीय कार्यालय सुर्खेतमा उजुरीका ठूलै खात रहेको पाइएको छ । धेरैजसो उजुरी शिक्षा क्षेत्रका रहेको अख्तियार सुर्खेत कार्यालयले जनाएको छ (त्रैमासिक प्रतिवेदन –मध्य पश्चिमाञ्चल विश्वविद्यालय, मध्य पश्चिमाञ्चल) । तनहुँको जिल्ला प्रशासन कार्यालयमा भएको भ्रष्टाचारको विरुद्धमा समाचार लेखेको आरोपमा प्रशासनकै कर्मचारीबाट पत्रकारलाई धम्की दिएको पाइयो (त्रैमासिक प्रतिवेदन–माहुरी होम, पश्चिमाञ्चल) ।

जनस्वास्थ्य कार्यालय पर्साका अनुसार आमा सुरक्षा कार्यक्रम लागु भएको स्वास्थ्य संस्थाले निःशुल्क सुत्केरी सेवा उपलब्ध गराउनुपर्छ र त्यसबापत लागेको खर्च सरकारले उक्त संस्थालाई दिन्छ । यो कार्यक्रम लागु भएको नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पताल बिरगञ्जले अस्पतालमा प्रसूतिबापत बिरामीसँग पैसा लिने र उल्टै निःशुल्क उपचार गराएको भन्दै जिल्ला जनस्वास्थ्य कार्यालयमा विवरण बुझाएर भुक्तानी लिँदै आएको पाइएको छ (त्रैमासिक प्रतिवेदन–नेपाल मधेस फाउन्डेशन) ।

**यस्तै विकासको बजेट खर्च नभएर फ्रिज हुने, कार्यसम्पादन मूल्यांकनमा स्थानीय निकाय अनुत्तीर्ण भएर बजेट घट्ने, पेश्की रकम बेलैमा फछ्र्यौट नभएकाले बेरुजु हुने आदि समस्याले स्थानीय निकायको विकास निर्माण प्रभावित भएको पाइएको छ । यद्यपि प्रशासनले कमजोरी सच्याउँदै जानेबारे छलफल गरेको र प्रतिवद्धता जनाएको पनि पाइएको छ ।**

स्थानीय विकासका लागि आएको बजेट काम पूरा गर्न नसक्नाले फ्रिज हुने समस्या धेरै जिल्लामा देखिएको छ । बजेट निकासामा ढिलाइ यसको प्रमुख कारण हो भने ठेकेदारको लापरवाही, उपभोक्ताकै बेवास्ता र विकासमा चरम राजनीतीकरण पनि अन्य कारण हुन् । उपभोक्ता समितिको निर्माणदेखि कार्य सम्पन्न गर्दासम्म हुने झगडाका कारण समयमा काम सम्पन्न हुन नसकेको सुर्खेतका स्थानीय विकास अधिकारीले जानकारी दिए । आर्थिक वर्ष २०७२।०७३ मा सुर्खेत जिल्लामा मात्रै एक अर्ब ३३ करोड रूपैया फ्रिज भएको पाइएको छ जुन कुल बजेटको २५ प्रतिशत हो भने सांसद विकास कोषको २३ लाख रूपैया पनि फ्रिज भएको छ । योजनाअन्तर्गत सम्पन्न भएका काम पनि मध्य बर्खामा गरिएको हुनाले झारा टार्ने प्रकृतिका मात्रै रहेको पाइयो (त्रैमासिक प्रतिवेदन –मध्य पश्चिमाञ्चल विश्वविद्यालय, मध्य पश्चिमाञ्चल) ।

यस्तै स्थानीय निकायको कार्यसम्पादन मापनको मुख्य सूचकको रूपमा रहेको न्यूनतम शर्त तथा कार्यसम्पादन मापनमा पनि मध्यपश्चिम क्षेत्रका धेरैजसो गाविस, नगरपालिका तथा जिल्लाहरूले निकै कम अंक ल्याएका छन् जसका कारण अनुदान रकम नै गुम्ने खतरा रहन्छ । न्यूनतम शर्त तथा कार्य सम्पादन मापनमा फेल भएका कारण सुर्खेत जिल्लाले आगामी आर्थिक वर्षमा २० प्रतिशत अनुदान कम पाउने भएको छ (त्रैमासिक प्रतिवेदन –मध्य पश्चिमाञ्चल विश्वविद्यालय, मध्य पश्चिमाञ्चल) ।

मोरङका ९९ सरकारी कार्यालयमध्ये अधिकांशमा बेरुजु भएको पाइयो । आर्थिक वर्ष २०७०/७१ मा १ अर्बभन्दा धेरै बेरुजु फछ्र्योट हुन बाँकी रहेको देखिएको छ । सामाजिक सुरक्षा भत्ता बापत रकममा मात्र डेढ करोडभन्दा बढी बेरुजु पाइएको छ । जिल्लास्थित राजनीतिक दलका प्रतिनिधिदेखि लिएर पूर्व मन्त्री, राज्यमन्त्रीका नाममा समेत यस्तो बेरुजु रहेको पाइएको छ (त्रैमासिक प्रतिवेदन –नेपाल मधेस फाउन्डेशन) ।

स्थानीय शान्ति समिति पाँचथरले आयोजना गरेको शान्ति प्रवर्द्धनमा सरोकारवालाको भूमिका विषयक अन्तरसंवाद कार्यक्रममा सहभागी सरकारी निकायका प्रमुखहरूले विकास निर्माणका आयोजना सञ्चालन गर्दा भएका कमजोरीहरू स्वीकार्दै सच्याउने प्रतिवद्धता व्यक्त गरेका थिए । उनीहरूले नगरपालिकाको समन्वयमा उपभोक्ता समिति बनाएर काम गर्ने सिलसिलामा प्राथमिकतामा परेका योजनाहरू समेत छुटेको स्वीकार्दै आगामी दिनमा परामर्शदाता मार्फत एकीकृत योजना तर्जूमा गरेर अगाडि बढ्ने प्रतिवद्धता पनि व्यक्त गरेका थिए । छलफल कार्यक्रममा काँग्रेस, एमाले, माओवादी, संघीय समाजवादी फोरम, राप्रपा, माले, फोरम लोकतान्त्रिक, संघीय लिम्वुवान पार्टी, पाँचथर उद्योग वाणिज्य संघका प्रतिनिधिहरूको उपस्थिति थियो (त्रैमासिक प्रतिवेदन– मानव अधिकार संजाल तथा शान्ति कार्य समूह, पूर्वाञ्चल) । सुर्खेतमा, जिल्ला नै न्यूनतम शर्त तथा कार्यसम्पादन मापनमा अनुत्तीर्ण भएकोले स्थानीय विकास अधिकारीले सबै गाविस सचिवहरूको बैठक बोलाई अब त्यस्तो नतिजा आउन नदिन कडा निर्देशन दिएको पाइयो ( त्रैमासिक प्रतिवेदन– मध्य पश्चिमाञ्चल विश्वविद्यालय, मध्य पश्चिमाञ्चल) ।

## २. सामाजिक एकता/तनाव

**राजनीतिक अस्थिरता र कानुनी कार्यान्वयनको कमजोरीका कारण हत्या, बलात्कार, कुटपिट लगायतका महिला हिंसाका घटना पहिला जस्तै यस अवधिमा पनि बढ्दै गएको पाइएको छ ।**

जिल्ला प्रहरी कार्यालयहरूका अनुसार आर्थिक वर्ष २०७३/७४ को हालसम्मको अवधिमा पश्चिमाञ्चल क्षेत्रका तराईका तीन जिल्लाहरू कपिलवस्तु, रूपन्देही र नवलपरासीमा मात्र जबरजस्ती करणीका १०, जबरजस्ती करणी उद्योगका ९, मानव बेचबिखनका ४, कर्तव्य ज्यानको ३, घरेलु हिंसाको ९० वटा उजुरी परेका छन् (त्रैमासिक प्रतिवेदन–माहुरी होम, पश्चिमाञ्चल) ।

सुदूरपश्चिमाञ्चल क्षेत्रका अरू जिल्लाको तुलनामा कैलाली जिल्लामा महिला हिंसाको दर उच्च रहेको पाइयो । यस जिल्लामा कार्यरत सरकारी तथा गैर सरकारी संस्थाको तथ्यांकअनुसार यहाँ घरेलु हिंसाका घटनाहरू धेरै छन् । ओरेक नेपालका अनुसार बैशाखदेखि यता २८ वटा घरेलु हिंसाका घटनाहरू भए । जिल्ला प्रहरी कार्यालय कैलालीका अनुसार सन् २०१४ मा १ सय २५ र सन् २०१५ मा १ सय ३९ घरेलु हिंसाका घटनाहरू भएका थिए (त्रैमासिक प्रतिवेदन–हेम विक, सुदूरपश्चिमाञ्चल) ।

पाँचथर जिल्लामा यस वर्ष मात्रै घरेलु हिंसामा पीडित बनेकाहरूको उजुरी संख्या २८ छ । तीमध्ये २५ मुद्दामा मिलापत्र भएको छ भने ३ मुद्दामा कसैले सम्पर्क नै गरेका छैनन् । सोही अवधिमा सामान्य उजुरीमा ४८ वटा निवेदन परेका थिए । तीमध्ये २६ मुद्दाहरूको मिलापत्र भैसकेको पाइयो । बाँकी निवेदनबारे कोही पनि सम्पर्कमा नआएको कार्यालयले जानकारी दिएको छ (त्रैमासिक प्रतिवेदन–मानव अधिकार संजाल तथा शान्ति कार्य समूह, पूर्वाञ्चल) ।

पूर्वका १६ जिल्लामा यस वर्ष घरेलु हिंसामा उजुरी गर्ने बढेको पाइएको छ । प्रहरी र इन्सेकको  तथ्यांकअनुसार यस वर्ष २ सय ६० घरेलु हिंसाका घटना भएका छन् । यस अवधिमा सप्तरीमा सबैभन्दा बढी १ सय ३८ जना पीडित भएको तथ्याङ्क छ भने मोरङमा ६८ जनाको उजुरी दर्ता छ । इन्सेकका पूर्वाञ्चल क्षेत्रका एक अधिकारीका अनुसार यस अवधिमा २४ महिलाहरू श्रीमानले बहुविवाह गरेका कारण समस्यामा परेका छन् । यस्तै बोक्सीको आरोपमा ९ महिला प्रताडित भए भने एक महिला अपहरण तथा शरीर बन्धकमा परिन् । इन्सेकको तथ्यांकअनुसार गत वर्ष पूर्वका १६ जिल्लामा ५९ घरेलु हिंसा, बोक्सीको आरोप १०, बहुविवाहका ७८ घटना भएका थिए । जिल्ला प्रहरी कार्यालय बारास्थित महिला तथा बालबालिका सेवा केन्द्रमा प्रत्येक साता २ देखि ३ वटा बहुविवाहको उजुरी दर्ता हुने गरेका

छन् । केन्द्रका प्रहरी निरीक्षक शशि ठाकुरका अनुसार अधिकांश घटनामा पक्ष-विपक्षमा मिलापत्र गराई सल्टाइने गरिएको छ (त्रैमासिक प्रतिवेदन–नेपाल मधेस फाउन्डेशन) ।

यस अवधिमा सुदूरपश्चिमाञ्चल, पूर्वाञ्चल, पश्चिमाञ्चल र तराईका जिल्लाबाट धेरै प्रतिनिधि घटनाहरूका विवरणहरू हामीलाई प्राप्त भएका छन् । त्यसमा बालिका बलात्कारको ३, बालिका हत्याको २, बालिका यौन दुर्व्यवहारको ३, महिला आत्महत्याको १, महिला बलात्कारको ५, महिला बलात्कार प्रयासको १, महिला हत्याको ६, महिला हत्या प्रयासको २, महिला बेचबिखनका ३, महिलामाथि कुटपिटको १, बोक्सी आरोपको १, बहुविवाह १, दाइजो विवादको १ लगायतका घटनाहरू छन् (त्रैमासिक प्रतिवेदन–माहुरी होम, पश्चिमाञ्चल, मानव अधिकार संजाल तथा शान्ति कार्य समूह, पूर्वाञ्चल, मधेस फाउन्डेशन, हेम विक, सुदूरपश्चिमाञ्चल) ।

कैलालीमा सम्बन्ध विच्छेदका घटनाहरू बढ्दै गएका छन् । गत आर्थिक वर्षमा सम्बन्ध विच्छेदका लागि जिल्ला अदालत कैलालीमा १ सय ३१ मुद्दा दर्ता भएका थिए जसमध्ये ९२ वटा मुद्दाको फैसला भइसकेको पाइयो (त्रैमासिक प्रतिवेदन–हेम विक, सुदूरपश्चिमाञ्चल) ।

जिल्ला प्रहरी कार्यालय पाँचथरका अनुसार जिल्लामा गएको दुई वर्षमा महिला र बालबालिका गरेर १ सय ३२ जना हराएको र हराएकामध्ये २९ महिला, ४ बालिका र २ बालक फेला परेका छन् । यो विवरण जिल्ला प्रहरी कार्यालयमा दर्ता भएका उजुरीका आधारमा तयार गरिएको हो । हराएका महिला र बालबालिकामध्ये बालबालिकाको अवस्था जटिल देखिएको छ । महिला हराउनुको कारणमा दोस्रो विवाह मुख्य कारण देखिएको छ भने बालबालिकाको सन्दर्भमा भने आपराधिक क्रियाकलाप भएको समेत देखिएको छ । पाँचथर प्रहरीका अनुसार श्रीमानले विदेशमा कमाएको रकम सहित अर्को विवाह गरेर फरार हुने गरेका घटना पनि धेरै छन् । यसरी घर छोडेर हिँड्ने अन्य कारणमा घरेलु हिंसा, चरम यातना तथा एक्लोपन लगायत छन् (त्रैमासिक प्रतिवेदन–मानव अधिकार संजाल तथा शान्ति कार्य समूह, पूर्वाञ्चल) ।

**जातीय सद्भावमा विचलन नदेखिए पनि परम्परागत छुवाछुत र जातीय विभेदको घटना अघिल्ला त्रैमासिकमा झैँ यस पालि पनि देखिएका छन् ।**

पछिल्लो मधेश आन्दोलन र नाका अवरोध हटेपछि विगतको तुलनामा समुदायहरूबीचको सम्बन्ध एक आपसमा तुलानात्मक रूपमा सुध्रिएको देखिएको छ । यद्यपि मधेशवादी दलले राखेका मागमाथि छलफल र समाधान भइनसकेकोले यसको पूर्ण समधान भइसक्यो भन्न सकिने अवस्था भएको देखिँदैन ।

छुवाछुतलाई कानुनले दण्डनीय माने पनि सामाजिक अभ्यासमा जातीय विभेदले जरो गाडेकै छ र दलितलाई अझै पनि छुवाछुतको व्यवहार गरिएको पाइन्छ । डडेल्धुरा जिल्लाको सदरमुकाममा दलित विद्यार्थीहरूले कोठा भाडामा पाउन मुस्किल भएको देखिएको छ । पढाइका लागि गाउँदेखि सदरमुकाम झर्ने दलितहरूले यस्तो समस्या भोग्नु परेको छ । (त्रैमासिक प्रतिवेदन–हेम विक, सुदूरपश्चिमाञ्चल) ।

पर्सा जिल्लामा साह समुदायका एक स्थानीय युवकले गाउँकै पटेल समुदायकी युवती भगाएको र एक हप्ताभित्र युवक र युवती दुवैलाई फिर्ता बोलाउन गाउँका पञ्च भलादमीहरूले युवकका बाबुलाई समयसीमा तोकिदिएका थिए । कथित ठूलो जातको युवती भगाएको र युवकको बाबुले छोरो फिर्ता ल्याउन पनि नसकेको भन्दै गाउँका पञ्च भलाद्मीहरूको निर्णयअनुसार युवकका बाबुलाई जुत्ताको माला लगाएर गाउँ घुमाएको पाइयो । पछि उक्त वृद्धलाई जुत्ताको माला लगाएर गाउँ घुमाएको आरोपमा पक्राउ परेका एक मुखिया सहित ३ जनालाई प्रशासनले ५ हजार रूपैयाँ जरिवाना लिएर उन्मुक्ति दिएको भेटियो (त्रैमासिक प्रतिवेदन–नेपाल मधेस फाउन्डेशन) ।

## ३. राजनीतिक परिचालन /तनाव

**शैक्षिक संस्था बन्द तथा नेपाल बन्द जस्ता कार्यक्रमले विगतमा झैँ यस अवधिमा पनि आम नागरिकको अधिकार हनन भएको र उनीहरूको जीवन कष्टकर भएको पाइयो भने यसले राजनीतिक वृत्तमा तनाव सिर्जना गरेको पाइएको छ।**

यो अवधिमा विप्लव समूहले आफ्ना कार्यकर्ताको रिहाइ लगायतको माग राखी २०७३ जेठ २७ र साउन १० मा नेपाल बन्द गरेको थियो । बन्दले पश्चिमाञ्चलका पहाडी जिल्लाका साथै तराईमा राजमार्ग क्षेत्रका उद्योग, कलकारखाना, विद्यालय तथा यातायात क्षेत्र पूर्ण रूपमा प्रभावित बने । कपिलवस्तु सदरमुकाम तौलिहवा तथा दक्षिणी क्षेत्र, रूपन्देही सदरमुकाम भैरहवा, नवलपरासीको दक्षिणी क्षेत्र जस्ता ठाउँमा बन्दको प्रभाव परेको थिएन । यो समूहले सरकारी निकायमा व्यापक भ्रष्टाचार भएको भन्दै असार १६ गते देशैभरिका जिल्ला प्रशासन कार्यालय घेराउ पनि गरेको थियो । कार्यकर्ताको संख्याका हिसाबले मध्यपश्चिमाञ्चल क्षेत्रमा विप्लव समूहको केही पकड रहेको पाइएको छ (त्रैमासिक प्रतिवेदन–माहुरी होम, पश्चिमाञ्चल, त्रैमासिक प्रतिवेदन –मध्य पश्चिमाञ्चल विश्वविद्यालय, मध्य पश्चिमाञ्चल) ।

यस्तै नेकपा माओवादी निकट विद्यार्थी संगठन अनेरास्ववियू (क्रान्तिकारी) ले गत साउन ३१ र ३२ गते दुई दिने शैक्षिक आम हडतालको घोषणा गरेको थियो । शिक्षामा निजीकरण, व्यापारीकरण, र दलालीकरण अन्त्य गराउन, २० प्रतिशत छात्रवृत्ति सुनिश्चित गराउनका साथै संगठनको उल्लेखित १७ बुँदे माग पूरा गराउनको लागि दबावस्वरूप शैक्षिक हडतालको आयोजना गरिएको केन्द्रीय समितिले जनाएको थियो । यस हडतालले पठनपाठन प्रभावित भएको पाइयो (त्रैमासिक प्रतिवेदन–माहुरी होम, पश्चिमाञ्चल, मानव अधिकार संजाल तथा शान्ति कार्य समूह -पूर्वाञ्चल, त्रैमासिक प्रतिवेदन–हेम विक, सुदूरपश्चिमाञ्चल) ।

**राजनीतिक दलको गतिविधि यस अवधिमा कम भएको पाइएको छ भने केही राजनीतिक दलले कानुनलाई हातमा लिएर हस्तक्षेप गर्ने प्रवृत्ति देखाएको र यसले कानुनी राज्यको अवधारणालाई फितलो बनाएको पाइएको छ।**

यस अवधिमा संसदमा भएका राजनीतिक दलहरूको गतिविधि खासै भएको पाइएको छैन । पछिल्लो समयमा स्थापित नयाँ राजनीतिक दल *नयाँ शक्ति पार्टी*का संयोजक डा. बाबुराम भट्टराई आफै विभिन्न जिल्लामा पुगी कार्यक्रम सञ्चालन गर्ने गरेको र यसको संगठन बिस्तार पश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चलका केही जिल्लामा गाउँ तहमा समेत पुगेको पाइएको छ । यद्यपि नयाँ शक्तिले मध्यपश्चिममा पार्टी प्रवेशका कुनै कार्यक्रम गरेको थाहा भएको छैन ( त्रैमासिक प्रतिवेदन –मध्य पश्चिमाञ्चल विश्वविद्यालय, मध्य पश्चिमाञ्चल, हेम विक, सुदूरपश्चिमाञ्चल, त्रैमासिक प्रतिवेदन–माहुरी होम, पश्चिमाञ्चल) ।

जेठ २० मा नेकपा माओवादी विप्लव समूहले कपिलवस्तु जिल्लाको भृकुटी नगरपालिका ३ बरकुलपुर स्थित स्थानीय कुर्मी समुदायका एक व्यक्तिको ३० कट्ठा जग्गा कब्जा गरेको पाइयो । ती व्यक्ति भारतीय नागरिक भएको, गैरउपस्थित जमिन्दार भएको, दलालहरूमार्फत जग्गा बिक्री गर्ने प्रयत्न गरेको लगायतका आरोप विप्लव समूहले लगाएको थियो । त्यसैले सो जग्गा पार्टीका जिल्ला सेक्रेटरीको नेतृत्वमा गएको ७० जनाको टोलीले झण्डा गाडी कब्जामा लिएको थियो (त्रैमासिक प्रतिवेदन–माहुरी होम, पश्चिमाञ्चल) ।

जनकपुर १४ रजौल स्थित जनता माविको भवन निर्माणबारे भएको विवाद साम्य पार्न राति पुगेका सुरक्षाकर्मी माथि नेकपा माओवादी केन्द्रका पोलिटब्युरो सदस्यसहितका १२ जनाले हातपात गरेपछि उनीहरूविरुद्ध प्रहरीले सार्वजनिक अपराध मुद्दा दायर गरेको पाइयो । पक्राउ परेकामध्ये चार जना माओवादी केन्द्रका र अरू नेपाली काँग्रेस र मधेसी जनअधिकार फोरम नेपालका स्थानीय नेता/कार्यकर्ता थिए । मण्डल र उनका समर्थकले हातपात गरेको प्रहरीको भनाइ छ (त्रैमासिक प्रतिवेदन–नेपाल मधेस फाउन्डेशन) ।

अर्घाखाँचीको सन्धिखर्क नगरपालिकाले गत साउनमा कम्प्युटर अपरेटर सहायक स्तर चौथो खुल्ला र महिला पदको लागि लिएको परीक्षा तथा छनौटमा जिल्लाका चार दलहरू नेपाली काँग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र र राष्ट्रिय जनमोर्चाका तर्फबाट एक एक जना छनौटमा पारेर पद भागबन्डा लगाएको स्थानीयको गुनासो पाइयो । गुल्मीका तीन वटै क्षेत्रमा सांसद विकास कोषमार्फत डेढ करोडका दरले परेको निर्वाचन क्षेत्र पूर्वधार विकास कार्यक्रम अन्तर्गत कतिपय स्थानमा असारको तेस्रो सातासम्म पनि काम सुरु नभएको पाइयो । यो रकम विकास निर्माणको लागि भन्दा पनि सांसदका आफ्ना कार्यकर्ता रिझाउने काममा खर्च हुन्छ कि भन्ने आम मानिसमा चिन्ता भएको पाइयो (त्रैमासिक प्रतिवेदन–माहुरी होम, पश्चिमाञ्चल) ।

वृद्ध वृद्धा, विधवा, असहाय लगायतलाई वितरण गरिने सामाजिक सुरक्षा भत्ता बापतको लाखौ रूपैयाँ लिएर बेपत्ता रहेका सप्तरीका एक गाविस सचिवलाई पक्राउ गरिएपछि उनलाई छुटाउन राजनीतिक दलबाट दबाब आएको खुलेको छ (त्रैमासिक प्रतिवेदन– नेपाल मधेस फाउन्डेशन) । सप्तरीमा यस्तै प्रकृतिको घटना यस अघिको प्रतिवेदनमा पनि उल्लेख गरिएको थियो ।

स्थानीय शान्ति समिति पाँचथरमा समितिको निर्देशिका विपरीत एउटै पार्टीबाट एकभन्दा बढी सदस्य रहेको पाइएको छ । उनीहरूलाई समितिबाट हटाइनुपर्ने माग गर्दै आएका समितिका केही सदस्यहरूले प्रशासनले उक्त कार्यमा चासो नदिएको आरोप लगाएको पाइयो (त्रैमासिक प्रतिवेदन– मानव अधिकार संजाल तथा शान्ति कार्य समूह, पूर्वाञ्चल) ।

**स्थानीय निकायको पुनर्संरचनाबारे राजनीतिक दलको बेग्लाबेग्लै अडान भएकाले स्थानीय स्तरमा विवाद चर्कदै गएको देखिन्छ ।**

सुदूरपश्चिमका सबै जिल्लाहरूमा स्थानीय तहको पुनर्संरचनाबारे राजनीतिक दलहरूबीच विवाद भएको छ । राजनीतिक दलहरूले आफ्नो बलियो क्षेत्रलाई अर्को गाउँपालिका वा नगरपालिकमा गाभ्न नचाहेको पाइयो । विशेष गरेर कैलाली जिल्लामा स्थानीय तहको पुनर्संरचनाको विषयमा थरुहट/ थरुवान संघर्ष समितिले प्रदेशको टुंगो लगाएर मात्र स्थानीय तहको पुनर्संरचना गर्नुपर्ने माग गर्दै साउन ३१ गते कैलालीमा पत्रकार सम्मेलन गरी सरकारको ध्यान आकर्षण गरेको पाइयो । यस्तै बैतडी जिल्लामा गाउँ पालिकाको खाकामा असहमति जनाउँदै राजनीतिक दलका भ्रातृ संगठनहरूले साउन २२ गते चक्का जाम गरेका थिए (त्रैमासिक प्रतिवेदन–हेम विक, सुदूरपश्चिमाञ्चल) ।

राष्ट्रिय जनमोर्चा (राजमो) ले भने संघीयता लगायतको विरोधमा दुई महिने देशव्यापी कार्यक्रम गरिरहेकोले सीमाङ्कनसम्बन्धी कुनै कार्यक्रममा पनि सहभागिता जनाएको देखिएन (त्रैमासिक प्रतिवेदन–मध्य पश्चिमाञ्चल विश्वविद्यालय, मध्य पश्चिमाञ्चल) ।

सदभावना पार्टी अध्यक्ष राजेन्द्र महतोले स्थानीय निकायको पुनर्संरचनासम्बन्धी काम सरकारले नरोके प्रतिरोध गर्ने बताएका थिए । साउन १७ गते राजविराजमा आयोजित पत्रकार सम्मेलनमा उनले मधेसलाई अन्यायमा पार्ने गरी बेइमानीपूर्ण तरिकाले काम सुरु गरिएको आरोप उनले लगाएको पाइयो (त्रैमासिक प्रतिवेदन–नेपाल मधेस फाउन्डेशन) ।

## ४. स्रोत साधनमाथिको द्वन्द्व

**वन अतिक्रमण गर्ने कार्य बढ्दै गएको र हटाउन खोज्दा तनावको स्थिति सिर्जना भएको देखिन्छ । सामुदायिक वनलाई संरक्षित गरेर सबैको पहुँच पुग्ने गरी व्यवस्थित गर्नुपर्ने देखिएको छ ।**

गत असारमा कपिलवस्तु जिल्ला बुद्धवाटिका नगरपलिका वार्ड नं. १ बकडारियाको सोनपुर टोलमा बस्ने १५ घरका भूमिहीन सुकम्बासीहरूलाई ३ दिनभित्र घर टहरा हटाउनाको लागि बकडारिया समुदायिक वनले सूचना जारी गरेको थियो । त्यसपछि आफूहरू मधेसी भएकै कारणले मात्र दबाव दिएको तर पहाडी सुकुम्बासीहरूलाई भने केही नगरिएको आरोप उनीहरूले लगाएको पाइयो । यदि पहाडी मूलका सुकुम्बासीलाई केही नगरी आफूलाई मात्र हटाउन खोजे प्रतिकार गर्ने चेतावनी उनीहरूले दिएको पाइयो (त्रैमासिक प्रतिवेदन–माहुरी होम, पश्चिमाञ्चल) ।

सगरमाथा वन विकास परियोजना मुर्तिया क्षेत्रमा अतिक्रमण हटाउने क्रममा असार २१ गते सुरक्षाकर्मी र स्थानीय बासिन्दाबीच झडप भएको थियो । झडपमा दुबै तर्फका घाइते भएका थिए । सुकुम्बासीका नाममा वन क्षेत्र अतिक्रमण गरी बसेकाले खेती गरेको जमिन खाली गराउन गएका सुरक्षाकर्मीलाई स्थानीयवासीले ढुंगा हानेका थिए । प्रहरीले अश्रुग्यास प्रहार गरी भीडलाई तितरबितर पार्दै वन क्षेत्रमा रोपिएको बाली नष्ट गरेको थियो । परियोजनाको करिब २७ सय हेक्टर जमिन सुकुम्बासीका नाममा विभिन्न व्यक्तिहरूले १० वर्षभन्दा बढी समयदेखि अतिक्रमण गरी घरबास र खेती गर्दै आएको देखिन्छ (त्रैमासिक प्रतिवेदन–नेपाल मधेस फाउन्डेशन) ।

यस्तै कपिलवस्तु, रूपन्देही र नवलपरासी जिल्लाका दक्षिणी क्षेत्रका नागरिकहरूले वन क्षेत्रमा आफुहरूको पहुँच नभएकोले सामान्य हलोको जुवा बनाउन चाहिने काठ पनि महंगोमा बाहिरबाट खरिद गर्नु परेको गुनासो गरेको पाइयो । वन कार्यालयले वन क्षेत्रलाई सबैको पहुँच हुने गरी व्यवस्थापन गर्न नसकेको भनी विभिन्न सार्वजनिक सुनुवाइ र अन्य कार्यक्रममा उनीहरूले गुनासो गर्दै आएको पाइएको छ (त्रैमासिक प्रतिवेदन–माहुरी होम, पश्चिमाञ्चल) ।

**समयमै वर्षा हुन नसक्दा खडेरी परेको तथा भएका पानीको मूल तथा सिंचाइका श्रोतमा विवाद सिर्जना भएको देखिएको छ । केही प्राकृतिक श्रोतको संकलन तथा विक्रि वितरणका बेला अनियमितता भएको भन्दै विवाद आएको पनि पाइएको छ ।**

२०७३ साउन २४  गते कपिलवस्तु जिल्लाको वाणगंगा सिंचाइ प्रणालीअन्तर्गत बेलासपुर डिस्ट्रिव्यूट्समा सेमरी गाउँ र बेलासपुर गाउँमध्ये कसले पहिला सिंचाइ गर्ने भन्ने विषयमा विवाद भएको थियो (त्रैमासिक प्रतिवेदन–माहुरी होम, पश्चिमाञ्चल) ।

पाँचथरको माङ्जावुङको छोरुङ्ग त्रिशुले, गोराराजा तथा याक्से खानेपानी बृहत आयोजनाको काम शुरु नहुँदै विवादमा परेको छ । गोराराजा खानेपानी उपभोक्ता समितिका केही उपभोक्ताले सो आयोजना सञ्चालन गर्न नदिने भन्दै कार्यक्रम नै बिथोलेका थिए । उक्त गोरेराजा खानेपानी आयोजनाबाट माङ्जाबुङ २ का १ सय २३ घर उपभोक्ताहरूले पानी प्रयोग गर्दै आएका छन् (त्रैमासिक प्रतिवेदन– मानव अधिकार संजाल तथा शान्ति कार्य समूह, पूर्वाञ्चल) ।

कैलाली जिल्लामा रहेका खुटिया सामुदायिक वन र कनरी सामुदायिक वनको बीचमा रहेको तालको विषयलाई लिएर विवाद भएको छ । दुई सामुदायिक वन बीच ताल आफ्नो सीमानामा परेको दाबी गर्दै विवाद भएको हो । जिल्ला विकास समिति कैलालीले स्थानीय नदीबाट गिटी बालुवा ढुंगा संकलनको लागि आह्वान गरेको टेण्डरमा अनियमितता भएको भन्दै नेपाली कांग्रेस निकट नेपाल तरुण दलले असार ७ गते जिल्ला विकास समितिका स्थानीय विकास अधिकारीलाई टेण्डर रद्दको माग गर्दै ज्ञापन पत्र बुझाएको पाइयो (त्रैमासिक प्रतिवेदन–हेम विक, सुदूरपश्चिमाञ्चल) ।

**विभिन्न विवादका कारणले बेलैमा ठूला तथा साना जलविद्युत आयोजना तथा प्रसारण लाइन निर्माणको कामले गति लिन नसकेको र यसका कारणले विद्युत उत्पादन ढिलो हुने देखिएको छ ।**

इलामको पुवाखोलामा निर्माणाधीन पुवाखोला-१ जलविद्युत आयोजनाको ट्रान्समिसन लाइन आफूहरूको स्वीकृति बिना विस्तार गरिएको भन्दै इलाम नगरपालिका-४ का बासिन्दाले आपत्ति जनाएको पाइयो । आयोजनाले बरबोटे-१ तोरीबारीस्थित पुवाखोलामा विद्युत उत्पादन गरी गोदकस्थित सब-स्टेसनमा पुऱ्याउन इनपा-४ बाट ट्रान्समिसन लाइन विस्तार शुरु गरेको थियो (त्रैमासिक प्रतिवेदन– मानव अधिकार संजाल तथा शान्ति कार्य समूह, पूर्वाञ्चल) ।

मध्य पश्चिमाञ्चलमा माथिल्लो कर्णाली जलविद्युत् योजनाको निर्माण कार्य समयमै प्रारम्भ हुन नसक्नु नै प्रमुख विवादको विषय बनेको पाइयो । विशेष गरी राष्ट्रिय जनमोर्चा, नेपाल मजदुर किसान पार्टी, नेकपा माओवादी वैद्य समूह आदिले यो आयोजना राष्ट्रघाती भएको र कुनै पनि हिसाबले नेपालको पक्षमा नभएको कुरा उठाउँदै आएको र केही स्थानीय समुदाय यसमा सहमत पनि भएको पाइन्छ । जेठ २९ गते दैलेख जिल्लामा आयोजना गरिएको कृषि तथा जलस्रोत संसदीय समितिका सभापति गगन कुमार थापा संलग्न भएको कार्यक्रममा माथिल्लो कर्णाली भारतलाई दिएको सरकारी निर्णयको विरोध गर्दै राष्ट्रिय जनमोर्चाले बिथोलेका थिए जसको नेतृत्व राजमो दैलेख जिल्ला सचिवले गरेका थिए (त्रैमासिक प्रतिवेदन –मध्य पश्चिमाञ्चल विश्वविद्यालय, मध्य पश्चिमाञ्चल) ।

## ५. संक्रमणकालीन न्याय/ न्यायमाथिको पहुँच

**द्वन्द्वका बेला भएका विभिन्न घटनाहरूमा न्याय पाउनका लागि स्थानीय शान्ति समितिमा धेरै उजुरीहरू दर्ता भएको पाइयो । यद्यपि निष्पक्ष न्याय पाइएला भन्नेमा मानिसहरूमा शंका रहेको देखियो ।**

द्वन्द्वका घटनामा न्याय पाउनको लागि कन्चनपुर जिल्लाको स्थानीय शान्ति समिति मार्फत सत्य निरुपण तथा मेलमिलाप आयोगमा १४ सय ४१ वटा, डडेल्धुरामा ५ सय ६ वटा, कैलालीमा १ हजार ३९ वटा, बैतडीमा ९ सय १८ वटा उजुरी परेको पाइयो । यसै गरी सुर्खेत जिल्लामा मात्रै सत्य निरूपण तथा मेलमिलाप आयोगका लागि १४ सय ७४ र बेपत्ता आयोगका लागि ८२ उजुरी परेको पाइयो । सत्य निरुपण तथा मेलमिलाप आयोगका सदस्यले सत्य निरूपण आयोगमा इलामबाट १ हजार १ सय ३६, पूर्वाञ्चलबाट ६ हजार ८ सय २ र देशभरबाट ५३ हजार १७ वटा उजुरी दर्ता भएको जानकारी दिएका छन् (त्रैमासिक प्रतिवेदन– मध्य पश्चिमाञ्चल विश्वविद्यालय, मध्य पश्चिमाञ्चल, हेम विक, सुदूरपश्चिमाञ्चल, मानव अधिकार संजाल तथा शान्ति कार्य समूह, पूर्वाञ्चल )

स्थानीय शान्ति समिति, कपिलवस्तुका अनुसार यहाँ १ सय ८७ जना मृतक रहेकोमा ३९ जनाले अझै पूरा राहत पाउन सकेका छैनन् । त्यस्तै १० जना बेपत्तामध्ये २ जनाले राहत पाउन नसकेको पाइएको छ । संक्रमणकालमा परिवार गुमाएका र बेपत्ता पारिएकाहरूका परिवारले अधिकतम प्रतिपरिवार ३ जनाले मात्र छात्रवृत्ति पाउने नियम भएकाले केही पीडितले सुविधा नपाउने र अन्ततः शिक्षाबाट बञ्चित हुने देखिएको छ । यस्तै सन् २००७ मा कपिलवस्तुमा मोहित खाँको हत्यापछि भएको साम्प्रदायिक घटनाको विषयमा मल्लिक आयोगले तयार पारेको प्रतिवेदन सार्वजनिक नहुँदा पीडित परिवारहरूले न्यायबाट बञ्चित हुन परेको पाइएको छ (त्रैमासिक प्रतिवेदन–माहुरी होम, पश्चिमाञ्चल) ।

**द्वन्द्वका घाउहरू बिर्साउन र राज्य तथा विद्रोही पक्षका द्वन्द्व पिडितहरूबीच सद्भाव र सम्बन्ध प्रगाढ बनाउन विभिन्न कार्यक्रम भएको पाइयो भने अर्कातिर द्वन्द्वकालमा लुकाइएका हातहतियार बेलाबेलामा फेला पर्ने गरेको पनि पाइयो ।**

स्थानीय शान्ति समितिले महोत्तरी सदरमुकाम जलेश्वरमा द्वन्द्वपीडित पुनर्मिलन तथा सम्मान कार्यक्रमको आयोजना गरेको थियो । राज्य तथा विद्रोही पक्ष दुवै तर्फका द्वन्द्व पीडितहरूले एकआपसमा माला लगाएर सम्मान प्रकट गर्दा कार्यक्रममा बेग्लै रौनक थपिएको थियो । स्थानीय शान्ति समितिका कार्यालय सचिवका अनुसार सशस्त्र द्वन्द्वको बेला

महोत्तरीमा ८८ जनाको मृत्यु, ७ बेपत्ता, ७१ परिवार विस्थापित, पाँच अपहरित र १७ जना अपांग भएका थिए (त्रैमासिक प्रतिवेदन–नेपाल मधेस फाउन्डेशन) ।

मध्यपश्चिमाञ्चल क्षेत्रका विभिन्न स्थानमा लुकाएर राखिएको अवैध हतियार प्रहरीले फेला पारेको छ । केही समय अघि जाजरकोटमा यस्ता अवैध हतियार भेटिएको थियो भने हालैमात्र जुम्लामा यस्ता अवैध हतियार फेला परेको छ । यस्ता अवैध हतियार सशस्त्र द्वन्द्वका बेला प्रयोग गरिएको र लुकाएर राखिएको हुन सक्ने प्रहरीको अनुमान छ । यद्यपि नयाँ कुनै समूहले राखेको हुन सक्नेतर्फ पनि उनीहरूको सोधखोज भइरहेको बताइएको छ । यस्ता अवैध हातहतियार भेटिनुले राज्यको सुरक्षा व्यवस्थालाई चुनौती त दियो नै, सर्वसाधारणलाई सशस्त्र द्वन्द्व कालको त्रास सम्झाइदिएको समेत पाइयो (त्रैमासिक प्रतिवेदन –मध्य पश्चिमाञ्चल विश्वविद्यालय, मध्य पश्चिमाञ्चल) ।

## ६. भूकम्पपछिको राहत/सहयोग वितरणसम्बन्धी चुनौती/द्वन्द्व

**अविरल वर्षाका कारण देशैभरिको जनजीवन नराम्रोसँग प्रभावित भएको र अघिल्ला वर्षहरूका पीडितले समेत उल्लेख्य राहत नपाएको देखियो । भूकम्पबाट क्षति भएका व्यक्तिगत घरको पुनर्निमाणका लागि सरकारले राहतको पहिलो किस्ता केही जिल्लामा उपलब्ध गराउन थालेको पाइयो भने भूकम्पले भत्काएका विद्यालयहरू पुनः निर्माण समयमै नहुँदा पढाइमा असर परेको भेटियो ।**

निरन्तरको वर्षाको कारण सडकमा पहिरो झरेपछि विभिन्न स्थानका राजमार्गहरू अबरुद्ध भएको पाइयो भने विभिन्न स्थानका बस्ती जोखिममा परेको भेटियो । लगातार आएको वर्षाका कारण झापा जिल्लाका २ हजार २ सय ८३ जनाको उद्धार गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको थियो भने झापामा अझै पनि ६ सय ६९ घर डुबानमा रहेको बताइएको छ । बाढीका कारण अधिकांश ठाउँ प्रभावित भएपछि जिल्ला विपद् व्यवस्थापन समितिले सबैलाई सचेत रहन आग्रह गरेको पाइयो । मोरङ जिल्लामा बाढीका कारण १ हजारभन्दा बढी परिवार विस्थापित भएको र सुनसरी जिल्लाका १७ सय घर डुबानमा परेको पाइयो । यस्तै पहिरो जाँदा इलाम जिल्लाको जिर्मले र इरौंटार गाविसमा नौ परिवार विस्थापित भएको पाइयो (त्रैमासिक प्रतिवेदन– मानव अधिकार संजाल तथा शान्ति कार्य समूह, पूर्वाञ्चल) ।

सुर्खेतमा दुई वर्षअघि बाढी तथा पहिरोले विस्थापित भएकाहरू हालसम्म पालमुनि बस्न बाध्य भएको देखियो । तिनीहरू कोही सार्वजनिक जग्गामा बसोवास गरिरहेका छन् भने कोही सरकारी कार्यालय (महिला प्रशिक्षण केन्द्र वीरेन्द्रनगर, सार्वजनिक बनक्षेत्र गिरिघाट, स्वास्थ्य चौकी छिन्चु आदि) मा बसेको पाइयो । हालसम्म सरकारको ध्यान जान नसकेकोमा उनीहरूको गुनासो रहेको पाइयो । यस्तै साउन १२ गते आएको भीषण वर्षापछिको पहिरोले प्युठानमा १० जनाको मृत्यु भएको पाइएको छ (त्रैमासिक प्रतिवेदन मध्य पश्चिमाञ्चल विश्वविद्यालय, मध्य पश्चिमाञ्चल) ।

भूकम्पले ज्यादा क्षति भएका ११ जिल्लामा सरकारले पुनः क्षतिको मूल्यांकन गरी त्यसको आधारमा पुनर्निमाण राहत दिने भनी टोली खटाएको थियो तर यो मूल्यांकन पनि त्रुटिपूर्ण भई धेरै पीडित लाभग्राहीको सूचीमा छुटेको भनी गुनासो गरेको पाइएको छ । आफ्नो घर क्षति भएर पनि राहत पाउने सूचीमा नपरेको भनी गुनासो गर्नेको संख्या गोरखा जिल्लामा १५ हजारभन्दा बढी भएको पाइयो । लाभग्राही सूचीमा परेका पीडितसँग सरकारले सम्झौता गरी पहिलो किस्ताको रु ५० हजार पनि दिइसकेको छ (त्रैमासिक प्रतिवेदन माहुरी होम पश्चिमाञ्चल) ।

भूकम्पले भत्किएका विद्यालय पुनः निर्माण नहुँदा प्रभावित जिल्लाहरूमा पठनपाठनमा समस्या भएको पाइएको छ । ओखलढुङ्गा जिल्ला शिक्षा कार्यलयका अनुसार भूकम्पले पूर्ण क्षति भएका २ सय ७६ ओटा र आशिंक क्षति भएका ४ सय ९४ ओटा विद्यालयमा पनि यस्तै समस्या छ । अहिले पनि त्रिपाल र जस्ताका अस्थायी शिक्षण केन्द्रमा पठनपाठन सञ्चालन भइरहेको पाइयो (त्रैमासिक प्रतिवेदन मानव अधिकार संजाल तथा शान्ति कार्य समूह, पूर्वाञ्चल) ।

EWER छैटा -त्रैमासिक प्रतिवेदन सेफरवर्ल्ड र शान्तिका लागि साझा अभियान (कोक्याप)- नेपालमनिटर डट आर्गले नेपाल मधेस फाउडेशन (नेमाफ), मानवअधिकार सञ्जाल तथा शान्ति कार्य समूह (प्याग-नेपाल), माहुरी होम, मध्य पश्चिमाञ्चल विश्वविद्यालय र, सुदूरपश्चिमाञ्चलका हेम विकसँगको  सहकार्यमा लेखिएको हो । नेमाफ का नन्दकुमार साह, मध्य पश्चिमाञ्चल विश्वविद्यालयका कमल राज लम्साल र प्याग-नेपालकी यसोदा सुब्बाको यस प्रतिवेदनमा लिखित सहयोग रहेको छ ।